भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

................शाखा

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. (प्रशासन)/०७७।०७८
च.नं.: ६०१

मितिः २०७७/०८/३०

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

**विषयः सूचना टाँस गरि जानकारी पठाइएको सम्बन्धमा।**

**श्री घरेलु तथा साना उद्योग कार्यालय,**
**रुकुमकोट, रुकुम (पूर्व)।**

प्रस्तुत विषयमा तहाँ कार्यालयको पत्र संख्या २०७७/०७८, च.नं. १५४, मिति २०७७/०८/२८ गतेको पत्रानुसार आ.व. २०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार वैदेशिक रोजगारबाट फर्केका तथा स्वदेशमै उद्यम गर्न चाहाने नयाँ उद्यमिलाई लगानीको लागि सूचना प्रकाशित भएको र उक्त सूचना यस कार्यालयको सूचना पार्टिमा टाँस गरी सो को जानकारी पठाइएको व्यहोरा अनुरोध छ।

२०७७/०८/३०
..................
(प्रेम प्रसाद भट्टराई)
अधिकृत छैटौं

प्रेम प्रसाद भट्टराई
अधिकृत (छैटौं)

फोन: ०८८-४१३११३
Website:- csirukumeast.p5.gov.np
E-mail:- csidb.rukumeast@gmail.com

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

रुकुम (पूर्व), नेपाल

प.सं.-०७७/७८ मिति :२०७७/०८/२८
च.नं.-९२४

दर्ता नम्बर :- 600
दर्ता मिति :- 2077/08/29

विषय: सूचना टाँस गरिदिनुहुन ।

श्री जिल्ला प्रशासन कार्यालय, रुकुम पूर्व।
श्री सिस्ने गाउँपालिकाको कार्यालय, रुकुम पूर्व ।
श्री भुमे गाउँपालिकाको कार्यालय, रुकुम पूर्व।
श्री पुथा उत्तरगंगा गाउँपालिकाको कार्यालय, रुकुम पूर्व।
श्री जिल्ला उद्योग वाणिज्य संघ, रुकुम पूर्व।

उपरोक्त विषयमा यस कार्यालयको **परम्परागत सिप र प्रविधिमा आधारित नयाँ उद्यमी तयार गर्ने सम्बन्धी सूचना** थान-१ यसै पत्र साथ संलग्न राखि पठाईएको छ। उक्त सूचना ताहाँ कार्यालयको सूचना पाटीमा टाँस सहयोग गर्नुको साथै गाउँपालिकाको सबै वडामा जानकारी गराई सहयोग गरि दिनुहुन समेत अनुरोध छ।

तारा प्रसाद शर्मा
(उद्योग अधिकृत)

"समृद्ध प्रदेश, खुशी जनता"

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
# घरेलु तथा साना उद्योग कार्यालय
रुकुम (पूर्व), नेपाल

फोन: ०८८-४१३११३
Website:- csirukumeast.p5.gov.np
E-mail:- csidb.rukumeast@gmail.com

*प्रथम पटक सूचना प्रकाशित मितिः २०७७/०८/२८*

## परम्परागत सिप र प्रविधिमा आधारित नयाँ उधमी तयार गर्ने सम्बन्धी सुचना ।

यस कार्यालयको चालु आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वैदेशिक रोगजगारीबाट फर्केका तथा स्वेदशमै उधम गर्न चाहाने नयाँ उधमीहरुलाई लगानी (मेशिन उपकरण) का आधारमा लगानीको ५०% वा रु पाँच लाख मध्ये जुन कम हुन्छ सो बराबरको रकम अनुदान दिने उद्देश्य सहितको कार्यक्रम संचालन गरिने भएकाले सुचना प्रकाशित भएको मितिले ३० दिन (३० औं दिनमा कुनै विदा परेमा सोको अर्को दिन कार्यालय खुलेको कार्यालयको समय) भित्र तपशिलका कागजातहरु सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

- चालु आ.व. मा दर्ता भएको उद्योग दर्ताको प्रमाण-पत्रको प्रतिलिपि।
- स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि।
- नागरिकता प्रमाण-पत्रको प्रतिलिपि।
- व्यवसायीक योजना वा प्रस्ताव।
- वैदेशिक रोजगारबाट फर्केको हकमा २ वर्ष ननाघेको कागजात।
- यस अगाडी नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका कुनै निकायबाट अनुदान नलिएको स्वघोषणा पत्र।
- सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
- निवेदन दस्तुर वापत रु. १०० जम्मा गरेको रसिद।

द्रष्टव्य:

- प्रस्ताव र निवेदनको ढाँचा यस कार्यालयले तोकेको ढाँचामा हुनु पर्नेछ।
- मूल्याङ्कन गर्दा कम्तिमा ६० वा सो भन्दा बढी अंक प्राप्त गर्ने उद्योगहरुलाई मात्र छनोटमा समावेश गराईनेछ।
- नियमानुसार उद्योग दर्ता, स्थायी लेखा नम्बर एवं व्यवसायीक योजना जस्ता कागजात पेश नगर्ने उद्योगहरुलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।
- विगत दुई वर्षभित्र वैदेशिक रोजगारीबाट फर्केका व्यवसायीले सो पुष्टी हुने कागजात पेश गरेको हुनुपर्ने छ।
- म्याद नाघी वा रितपूर्वक ढाँचामा पेश नभएका निवेदन प्रस्ताव स्वत रद्द हुनेछ।
- प्राप्त निवेदन प्रस्ताव जिल्लास्थित मूल्याङ्कन समितिद्वारा प्रचलित ऐन, नियम एवं कार्यविधिका आधारमा मूल्याङ्कन गरिन्छ। थप जानकारीका कार्यालयको फोन नं. ०८८-४१३११३ मा सम्पर्क गर्नुहोला ।

२०७७।८।२८

तारा प्रसाद शर्मा
(उद्योग अधिकृत)
उद्योग अधिकृत